Journal of Bhuwanishankar (JoBS)
A Peer Reviewed Research Journal
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# सानु शर्माको 'बकाइनाको बोट' कथामा द्विचरविरोध

मनीषा उपाध्याय*

Received: May 25, 2022 Accepted: July 17, 2022

**लेखसार**

*नेपाली साहित्यमा समकालीन समयकी कथाकार सानु शर्मा उत्तरआधुनिकतावादी प्रवृत्तिका कथाहरू रचना गर्ने कथाकार हुन् । उनले एकादेशमा कथासङ्ग्रहमा जम्मा २१ वटा कथाहरू सङ्कलन गरेकी छन् । उनका विभिन्न चर्चित कथाहरूमध्येको एउटा कथा 'बकाइनाको बोट' हो । यस कथामा उनले त्यहाँ उपस्थित मुख्यपात्र उज्वलको अतीतको कथावस्तु प्रस्तुत गरेकी छन् । बकाइनाको बोटलाई प्रतिबिम्बित गरी रचिएको उक्त कथामा उज्वल उक्त बकाइनाको बोटको प्रतीक हो, किनभने बकाइनाको बोटको फेदमा फेला पारेको उसलाई कर्म दिने आमाले आफूले जन्माएका छोराहरूभन्दा पनि बढी माया गरेको देखिन्छ । पछिल्लो समयमा पाठकले अत्यन्तै रुचाएकी आख्यानकार सानु शर्माले लेखेको यो कथालगायत अन्य विभिन्न कथाहरू उत्तिकै महत्त्वपूर्ण मानिन्छन् । 'बकाइनाको बोट' कथामा द्विचरविरोध शीर्षकमा तयार गरिएको यो लेख उनको 'बकाइनाको बोट' कथामा देखिएका द्विचरविरोधहरू पत्ता लगाई तिनीहरूलाई कसरी अस्वीकार गरिएको छ भन्ने कुराको खोजी गर्ने उद्देश्यले तयार पारिएको छ । कथाको सुरुदेखि अन्तसम्म देखिएका द्विचरविरोधहरूको बारेमा जानकारी लिई तिनीहरूको उत्तरआधुनिकतावादी मान्यताका आधारमा व्याख्याविश्लेषण गर्नुमा यो लेख सीमित रहेको छ । उक्त लेख तयार गर्नका लागि गुणात्मक विधिअन्तर्गत पर्ने पुस्तकालयीय कार्य गरिएको छ । उक्त लेख तयार गर्नका लागि सानु शर्माको 'बकाइनाको बोट' कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने अन्य त्यससँग सम्बन्धित सामग्रीहरूलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ । यस लेखमा 'बकाइनाको बोट' कथामा देखिएका द्विचरविरोधहरूको बारेमा खोजी गर्नुका साथै समाजमा देखिएका त्यस्ता द्विचरविरोधहरूको के कसरी अस्वीकार गरिएको छ भन्ने कुरालाई देखाउन खोजिएको छ । समग्रमा यस अध्ययनबाट 'बकाइनाको बोट' कथामा देखिएका द्विचरविरोधहरूको खोजी गरी त्यसप्रतिको अस्वीकारका बारेमा विभिन्न साक्ष्यहरूका माध्यमबाट खोजी गरी निष्कर्ष निकालिएको छ । समाजमा यस्ता किसिमका द्विचरविरोधहरू देखिने गरेको र केही व्यक्तिहरूले त्यस्ता विरोधप्रति असहमति जनाएको कुरालाई यस 'बकाइनाको बोट' कथाका माध्यमबाट यस अध्ययनले देखाउन खोजेको छ ।*

**मूल शब्दावली**: *द्विचर, भ्रामक, युग्मक, विन्यासक्रमिक, समस्थानिक, संरचनावाद ।*

## १. विषयप्रवेश

नेपाली साहित्यका विभिन्न साहित्यकारहरूमध्ये उत्तरआधुनिकतावादी मान्यतामा आधारित कथाहरू लेखेर चर्चामा आएकी कथाकार सानु शर्मा समकालीन साहित्यका क्षेत्रमा सुपरिचित व्यक्तित्व हुन् । उनी पाठकको मनमस्तिष्क हल्लाउने कथाकारका रूपमा पनि चिनिएकी छिन्, किनभने उनका कथा तथा उपन्यासको अध्ययनपश्चात् पाठकहरूले आफूलाई सामान्य अवस्थामा ल्याउन कठिन हुने अवस्थाको सिर्जना हुन्छ अर्थात् उनका आख्यानात्मक कृतिहरूको भावमा पाठक डुब्न जान्छ । उनी नेपाली आख्यानको उत्तरवर्ती समयकी एक अत्यन्तै क्रियाशील र

** मनीषा उपाध्याय सैनिक आवासीय महाविद्यालय तेघरी, कैलालीका सहायक प्राध्यापक, तथा सुदूरपश्चिम विश्वविद्यालय महेन्द्रनगर, कञ्चनपुरका विद्यावारिधि शोधार्थी हुनुहुन्छ ।*

सशक्त आख्यानकार हुन् । विदेशमा रहेर नेपाली साहित्यमा कलम चलाई आफ्ना विभिन्न रचनाहरूले पाठकको मन जित्न सफल साहित्यकार तथा आख्यानकारका रूपमा सानु शर्मालाई लिइन्छ । वि.सं.२०५० को दशकदेखि आफ्नो लेखनयात्राको थालनी गरी प्रारम्भिक चरणमा सीमित मात्रामा कथाहरू लेखी अगाडि बढेकी शर्माले आफूलाई लेखनकार्यमा तिखार्दै गएर २०६० को दशकदेखि आख्यानका क्षेत्रमा पूर्ण रूपमा आफूलाई चिनाउँदै गइन् । उनका विभिन्न कृतिहरूमध्ये *अर्धविराम* (२०६२), *जीतको परिभाषा* (२०६७), *अर्थ* (२०६८),*विप्लवी* (२०७४), *उत्सर्ग* (२०७७) र *फरक* (२०७९) लगायतका उपन्यास प्रकाशित छन् भने *एकादेशमा* (२०७६) कथासङ्ग्रहसमेत गरी आधा दर्जन कृतिहरू प्रकाशित भएसँगै सानु शर्मालाई नेपाली साहित्य क्षेत्रलाई फराकिलो बनाउन सफल आख्यानकारका रूपमा चिनाउन सकिन्छ । विशेष गरी आख्यानका माध्यमबाट उनले आफूलाई गतिशील लेखिकाको रूपमा उभ्याएकी छन् र सशक्त स्रष्टाका रूपमा सानु शर्माको नाम अग्रपङ्क्तिमा आउँछ । नेपाली उपन्यासमा अत्यन्तै थोरै महिला लेखिकाहरूको वर्चस्वपूर्ण सहभागिता रहेको भेटिन्छ । साहित्यका विविध विधामा कलम चलाए पनि उनी उपन्यास र कथाकै क्षेत्रमा बढी प्रख्यात देखिन्छिन् । उनका कथाहरूले समाजका वास्तविक घटनाहरूलाई ताजा बनाएर राखेका हुन्छन् । यस्ता महत्त्वपूर्ण कृतिहरूमध्ये ‘बकाइनाको बोट’ कथा पनि एक हो र उक्त कथामा देखिएका द्विचरविरोधको विश्लेषण शीर्षकमा केन्द्रित रही यो लेख तयार पारिएको छ ।

‘बकाइनाको बोट’ कथा सानु शर्माको समकालीन समयको एक महत्त्वपूर्ण तथा लोकप्रिय कथा हो । यो कथा नेपाल लाइभ नामक अनलाइन पत्रिकामा वि.सं. २०७६ सालमा प्रकाशित भएको कथा हो । यस कथामा हाम्रो समाजमा देखिएका थुप्रै द्विचरविरोधहरूको पर्दाफास गरी तिनीहरूप्रतिको अस्वीकारको वास्तविक रूपमा उद्घाटन गरिएको छ । कथाकार सानु शर्माले आफ्नो कथायात्राको पछिल्लो समयमा उत्तरआधुनिक मान्यतालाई आत्मसात् गर्दै लेखेको उक्त ‘बकाइनाको बोट’ कथामा कथाकारले उज्वल अर्थात् यस कथाको मुख्य पात्रको विगतको विषयवस्तुलाई प्रस्तुत गरेकी छिन् । पूर्वदृश्य पद्धतिमा आधारित रहेर लेखिएको यस कथामा उज्वल एउटा बकाइनाको बोटको फेदमा सालनाल सहित फेला पारेको छोरो हो, जसले आफ्नो कर्म दिने आमाको बुढेसकालको सहारा बन्न नसकेकोमा आफूलाई धिक्कार ठहराएको छ । आमाको अत्यधिक मायाका कारण छोरालाई बचाउनका लागि घरनिकाला गरिएको कुरा अहिले आएर थाहा पाउने उज्वल आफू समयको परिवर्तनसँगै पढी लेखी ठूलो मानिस भएर अमेरिका पुगेर त्यहाँ आफ्नै गाउँको डिबी दाइ, जसलाई गाउँमा दलित भनेर हेला गर्दथे उसैका माध्यमबाट आफ्नी आमाको हालखबर बुझ्न पाउँदा अत्यन्तै खुशी हुन्छ । डिबी दाइका कुराअनुसार उक्त कथामा उज्वलकी आमाले पनि उज्वललाई नै सम्झिरहेको कुरा प्रष्ट हुन जान्छ । यस कथामा द्विचरविरोध मात्रै नदेखिएर त्यसप्रतिको अस्वीकारका प्रसङ्गहरू पनि प्रस्तुत गरिएका छन् अर्थात् समाजमा देखिएका यस्ता द्विचरविरोधहरूको अन्त्य गर्नुपर्ने सन्देश यस कथाले दिन खोजेको देखिन्छ । यस कथामा निहित विषयवस्तुको अध्ययन तथा विश्लेषण गरी यस कथामा देखिएका द्विचरविरोधहरूको पहिचान गरी तिनीहरूप्रतिको अस्वीकारका बारेमा विश्लेषण गर्ने उद्देश्यले यो लेख तयार गरिएको छ ।

## २. **समस्याकथन**

प्रस्तुत अध्ययन ‘बकाइनाको बोट’ कथामा द्विचरविरोध शीर्षकमा आधारित रहेर अध्ययन गरिएको छ र यो नै यस अध्ययनको मूलसमस्या हो । उक्त कथामा केकस्ता द्विचरविरोधहरू देखिएका छन् र ती द्विचरविरोधको के कसरी

अस्वीकार गरिएको छ जस्ता मूल समस्यामा केन्द्रित रहेको छ। यिनै विविध समस्यासँग सम्बन्धित शोध्यप्रश्नहरू यसप्रकार छन्ः

(क) 'बकाइनाको बोट' कथामा केकस्ता द्विचरविरोध कसरी घटित भएका छन् ?

(ख) 'बकाइनाको बोट' कथामा देखिएका द्विचरहरूको विरोधप्रतिको अस्वीकार कसरी गरिएको छ ?

उपर्युक्त समस्याकथनमा आएका शोध्य प्रश्नहरूको समाधान गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## ३. अध्ययनविधि :

प्रस्तुत 'बकाइनाको बोट' कथामा द्विचरविरोध भन्ने शीर्षकको अध्ययन सम्पन्न गर्नका लागि अपनाइएको सामग्रीसङ्कलन, तिनको सम्पादन र व्यवस्थापनका लागि अँगालिएका विधिको व्याख्या निम्नानुसार गरिएको छ।

### ३.१. सामग्रीसङ्कलन

'बकाइनाको बोट' कथामा द्विचरविरोध शीर्षकमा तयार गरिएको उक्त लेखको अध्ययन गुणात्मक विधिमा आधारित छ। उक्त शीर्षकको लेख तयार गर्नका लागि सर्वप्रथम त सिद्धान्तका लागि बाइनरी ओपोजिसनसँग सम्बन्धित अंग्रेजी सामग्रीहरूको प्रयोग गर्नुका साथै विश्लेषणका लागि 'बकाइनाको बोट' कथालाई नै प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ। त्यसका साथसाथै आख्यानकार सानु शर्मासँग सम्बन्धित सामग्रीहरूको अध्ययन, कक्षामा उपलब्ध भएका सामग्री, पुस्तकालयमा उपलब्ध भएका पुस्तकहरू, विभिन्न पत्रपत्रिका आदिबाट उपलब्ध सामग्रीहरूलाई आधार मानी यस लेखको विश्लेषण गरिएको छ।

### ३.२. विश्लेषणविधि

प्रस्तुत लेखलाई गुणात्मक अनुसन्धान ढाँचामा संरचित गरिएको छ। यो कथा समग्रमा द्विचरविरोध र त्यसको अस्वीकारसँग सम्बन्धित हुनाले यसमा सोही कुराको व्याख्या तथा विश्लेषण गर्ने कार्य भएको छ। त्यसैले प्रस्तुत लेख तयार पार्ने क्रममा व्याख्यानविधि, विश्लेषणात्मक विधि, निगमनात्मक विधि र मुख्य गरी विश्लेषणविधिको प्रयोग गरिएको छ जसले गर्दा उक्त लेखको उद्देश्य पूरा गर्नमा मद्दत मिल्ने देखिन्छ।

## ४. अध्ययनको सीमाङ्कन

सानु शर्माको 'बकाइनाको बोट' कथामा द्विचरविरोध शीर्षकको उक्त लेख द्विचरविरोधको सिद्धान्तमा केन्द्रित रहेको छ। यस लेखमा 'बकाइनाको बोट' कथालाई आधार मानेर त्यसमा देखिएको द्विचरविरोध र त्यस्ता द्विचरविरोधप्रति देखिएका अस्वीकारको मात्रै विश्लेषण गरिएको छ। समग्रमा भन्नुपर्दा सानु शर्माको 'बकाइनाको बोट' कथामा केन्द्रित हुनु यस लेखको कृतिगत सीमा हो भने द्विचरविरोधको सिद्धान्तमा केन्द्रित हुनु यसको सैद्धान्तिक सीमा हो। यस कथामा देखिएको जातीयताका आधारमा, जिम्मेवारीका आधारमा र रगतको नाता र भावनाको नाताका बिचमा देखिएको द्विचरविरोध र त्यसको अस्वीकारको खोजी गरी विश्लेषण गर्नु यसको विषयगत सीमा हो। यिनै सीमाहरूमा टेकेर 'बकाइनाको बोट' कथामा द्विचरविरोध शीर्षकको उक्त लेखको विश्लेषण गरिएको छ।

## ५. सैद्धान्तिक पर्याधार

सामग्री विश्लेषणको सैद्धान्तिक आधारका रूपमा कथाकार सानु शर्माको 'बकाइनाको बोट' कथामा द्विचरविरोधलाई

लिइएको छ। आधुनिकतावादको विरोधमा जन्मिएको उत्तरआधुनिकतावाद एउटा साहित्यका क्षेत्रमा देखिएको नयाँ सिद्धान्त हो। यो एउटा छाता सिद्धान्त हो, जसभित्र अन्य धेरै सिद्धान्तहरू अटाएका छन्। उत्तरआधुनिकतावादका विभिन्न विशेषताहरू रहेका छन् जसले यसलाई अन्य सिद्धान्तभन्दा भिन्न बनाएको छ। पुराना मूल्य र मान्यताहरूलाई भत्काएर नयाँ मान्यताहरूको निर्माण गरी त्यसलाई सर्वमान्य रूपमा स्वीकार गर्ने वातावरणको सिर्जना गर्नु यसको मुख्य चिनारी हो। केही पनि अन्तिम सत्य हुँदैन, त्यो आभास मात्र हुन्छ भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै अगाडि बढिरहेको उत्तरआधुनिकतावादले विश्वबजारमा परिवर्तनको बाटो खोज्दै अगाडि बढेको पाइन्छ। विषय र प्रयोगको अत्यन्त विविधता र नवीनता यो वादको विशेषता नै हो (शर्मा र लुइटेल, २०६३, पृ.३५४)। कलाका क्षेत्रबाट सुरु भएर साहित्यसम्म आइपुग्दा देखिएका विभिन्न विशेषताहरूले गर्दा यो वाद आधुनिकतावादभन्दा भिन्न रूपमा प्रस्तुत भएको छ। यस वादलाई भिन्न बनाउनमा सहयोग गर्ने विभिन्न विशेषताहरूमध्ये द्विचरविरोध पनि एक महत्त्वपूर्ण विशेषता हो, जसले साहित्यमा देखिएका द्विचरहरूको विरोधप्रति आपत्ति जनाउँदै यसको अस्वीकारका निम्ति पहल गर्दछ। द्विचरविरोध अङ्ग्रेजी शब्द बाइनरी अपोजिसनको नेपाली रूपान्तरण हो, जसको अर्थ एकअर्कामा विरोध भन्ने हुन्छ। द्विचरविरोध भनेको सम्बन्धित सर्तहरू वा अवधारणाहरूको एक जोडी हो, जुन अर्थगत रूपमा एकअर्कासँग असम्बन्धित हुन्छन् अर्थात् विपरीत हुन्छन्। "द्विचरविरोध भनेको त्यो प्रणाली हो, जसद्वारा भाषा र विचारमा दुई सैद्धान्तिक विपरीतहरूलाई कडाइका साथ परिभाषित गरी एकअर्काका विरुद्धमा सेट गरिन्छ। यो दुई पारस्परिक अनन्य सर्तहरू बिचको भिन्नता हो, जस्तैः माथि र तल, बायाँ र दायाँ, ठूला र सानो, नारी र पुरुष, उच्च र निम्न आदि" https://www.fairobserver.com/vocabulary/binary-opposition/ कुनै दुईवटा युग्मकहरूमा पहिलो युग्मकले बढी स्थान पाउँछ भने दोस्रोले कम स्थान पाउँछ। ससुरेली भाषाविज्ञानमा दुई किसिमका सम्बन्धले भाषा अर्थवत् हुन्छ, त्यो विन्यासक्रमिक र समस्थानिक सम्बन्ध हो (गौतम, २०७१, पृ.१५६)। यहाँ विन्यासक्रमिक भनेको ध्वनिहरूको, पदहरूको रेखीय सम्बन्ध हो। द्विचरविरोध संरचनावादको एक महत्त्वपूर्ण अवधारणा हो, जसले सबै भाषा र विचारहरूका लागि त्यस्ता भिन्नताहरूलाई आधारभूत रूपमा देख्छ। द्विचरविरोधकै सम्बन्धमा कुनै पनि वस्तुको वर्गलाई व्यवस्थित गर्ने साँचो बाइनरी विरोधहरूले भ्रम सिर्जना गर्न अनुमति दिनुहुँदैन, जसले वस्तुलाई एकै समयमा बहिष्कार वा गैर-सदस्यता दाबी गर्न अनुमति दिइरहेको छ जबकि अझै पनि बाइनरीद्वारा व्यवस्थित चिजहरूको वर्गसँग सम्बन्धित सिद्धान्त हो भन्दै व्याख्या गरिएको छ। (Binary opposition theory) बाइनरी विरोधको उत्पत्ति ससुरियन संरचनावादी सिद्धान्तबाट भएको हो। फर्डिनान्ड डे ससुरका अनुसार, "बाइनरी विरोध भनेको भाषाको एकाइहरूको मूल्य वा अर्थ राख्ने माध्यम हो; बाइनरी कोडमा जस्तै प्रत्येक एकाइलाई अर्को शब्दको साथ पारस्परिक निर्धारणमा परिभाषित गरिएको छ (https://www.fairobserver.com/vocabulary/binary-opposition/.") यो विरोधाभासी सम्बन्ध होइन तर संरचनात्मक, पूरक सम्बन्ध हो। ससुरले सङ्केतको अर्थ यसको सन्दर्भ र समूहबाट व्युत्पन्न भएको देखाएका छन्। यसको उदाहरण यो हो कि यदि हामीले 'खराब' बुझेनौं भने कसैले 'राम्रो' को कल्पना गर्न सक्दैन। बाइनरी विरोधहरूको वर्गीकरण भ्रामक क्रम र सतही अर्थका आधारमा गरिनुका साथसाथै यो प्रायः जातीयतामा केन्द्रित हुन्छ। द्विचरविरोधकै सन्दर्भमा गौतमले संरचनावादमा यसले आधारभूत ठाउँ ओगटेको हुनाले दिनरात, सुख-दुःख, हाँसो-आँसु, नर-नारी, उज्यालो-अँध्यारो आदि युग्मकमा पहिलोलाई बढी प्राथमिकता दिनुका साथै दोस्रोलाई त्यसकै पूरकका रूपमा प्रयोग गरिएको पाइन्छ भनी व्याख्या गरेका छन् (२०६४, पृ.११०)। यसले समाजमा देखिएका असमानताका कुराहरूको अस्वीकार गरी सबै कुराहरूलाई स्वीकारयोग्य बनाउने प्रयास गर्छ। उत्तरआधुनिकतावादले खालि द्विचरविरोधलाई

मात्रै केन्द्रमा नराखी त्यसप्रतिको अस्वीकारका बारेमा विशेष ख्याल गर्दछ । कुनै दुईवटा युग्मकहरूमा पहिलोले बढी महत्त्व पाएको अवस्थामा दोस्रोले कम महत्त्व पाउनाको कारण खोजी उक्त कम महत्त्व पाएको युग्मकलाई पनि पहिले जस्तै एउटै धारमा हिँडाएर लैजानमा यसले सहयोग गर्दछ। समाजमा दबिएर रहेका द्विचरहरूको खोजी गरी समान सहभागिताको आवाज उठाउने उक्त उत्तरआधुनिकतावादभित्रको एउटा विशेषताले साहित्यमा ठूलो भूमिका निर्वाह गरेको अवस्थामा सानु शर्माको 'बकाइनाको बोट' कथा पनि त्यस विशेषताबाट अछुतो रहन सकेन। सोही सिद्धान्त तथा मान्यतामा आधारित भएर 'बकाइनाको बोट' कथाको बिश्लेषणमा यो लेख तयार पारिएको छ । माथिको सिद्धान्तका आधारमा 'बकाइनाको बोट' कथामा द्विचरविरोध शीर्षकको लेख तयार पार्ने क्रममा निम्नानुसारको विश्लेषण ढाँचा अवलम्बन गरिएको छ :

(क) जातीयताका आधारमा देखिएको द्विचरविरोध तथा अस्वीकार

(ख) जिम्मेवारीका आधारमा देखिएको द्विचरविरोध तथा अस्वीकार

(ग) रगतको नाता र भावनाको नाताका आधारमा देखिएको द्विचरविरोध तथा अस्वीकार

## ६. 'बकाइनाको बोट' कथामा घटित द्विचरविरोध तथा अस्वीकार

नेपाली साहित्यलाई विभिन्न विधामा विभाजन गरेर हेर्ने गरिन्छ, जसमा कविता, नाटक, आख्यान र निबन्ध पर्दछन्। यी विभिन्न विधाहरू आफैमा समृद्ध विधाहरू हुन् । सबै विधाका आफ्नै महत्त्व र विशेषता रहेका छन् । साहित्यका यी चारवटा विधाहरूमध्ये आख्यान विधालाई काल्पनिक अनुभूतिप्रधान विधाका रूपमा लिने गरिन्छ। यसअन्तर्गत कथा र उपन्यास पर्दछन् । हुन त अरु विधाहरूमा पनि काल्पनिकता नभएको होइन तर प्रयोग गराइका दृष्टिकोणले नेपाली कथालाई कलात्मक आख्यानात्मक विधाका रूपमा लिइन्छ । कथामा कथाकारले आफ्ना मनभित्रका कुराहरूलाई कलात्मक रूपमा पाठकसामु पुऱ्याउने प्रयास गरेको हुन्छ । सानु शर्माद्वारा लेखिएको 'बकाइनाको बोट' कथामा कथाकारले पात्रको विगतको जीवनमा घटेको घटनाको वर्णन गरेकी छिन्, जसले गर्दा पाठकले उज्वलको विगतबारे जान्ने मौका पाएका छन् र आफू पनि उज्वलको विगतसँगै मलिन भएर सोच्न बाध्य भएका छन् । जन्म दिने आमाले छोडेको सालनाल सहितको बच्चालाई घरमा ल्याई पालनपोषण गरी अहिले अमेरिकामा बस्न लायक बनाउने आमालाई सम्झिएर बसेको उज्वलले भर्खरै गाउँबाट आएको डीबी दाइसँगको कुराकानीले उसको अतीत झन ताजा भएर आएको प्रसङ्गबाट कथाले गति लिएको छ । यस कथामा कथाकार सानु शर्माले थुप्रै द्विचरविरोधहरूको प्रयोग गरेकी छिन्, जसका कारण पाठकहरूले कथा पढ्दै जाँदा हरेक ठाउँमा आएका द्विचरविरोधहरूको महसुस गरी आफूलाई सोहीअनुसार अगाडि बढाउँदै लगेको हुन्छ। यस्तै महत्त्वपूर्ण घटनावस्तुमा आधारित कथाका रूपमा रहेको 'बकाइनाको बोट' कथामा द्विचरविरोध भन्ने मूल शीर्षकमा आधारित रहेर उक्त कथामा जातीयताका आधारमा देखिएको द्विचरविरोध, जिम्मेवारीका आधारमा देखिएको द्विचरविरोध, रगतको नाता र भावनाको नाताका आधारमा देखिएको द्विचरविरोध लगायत विभिन्न कुरामा विरोधाभास देखिनुका साथसाथै त्यसप्रति अस्वीकारको अवस्था पनि देखिएको छ, जसलाई निम्नानुसारका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

### ६.१. जातीयताका आधारमा देखिएको द्विचरविरोध तथा अस्वीकार

एक जातले अर्को जातलाई सानो वा ठूलोका आधारमा भेदभाव गर्नुलाई जातीयताका आधारमा देखिएको द्विचरविरोध भनिन्छ। जस्तैः बाहुनले क्षत्री, दलित भनेर भेदभाव गर्नु, त्यसैगरी क्षत्रीले पनि आफूलाई राजाको दर्जा

दिँदै सोही अनुसारको व्यवहार गर्नु आदि । यसमा विशेष गरी ठूलो जातका मानिसहरूले सानो जातका मानिसहरूलाई हेप्ने, नराम्रो व्यवहार गर्ने जस्ता क्रियाकलापहरू पर्दछन् । जस्तैः बाहुनले क्षत्रीलाई, क्षेत्रीले दलितलाई, बाहुनले दलितलाई जातभातका आधारमा भेदभाव गरी उनीहरूमा आफ्नो हैकम चलाउने प्रवृत्ति यसभित्र पर्दछन् । सानु शर्माद्वारा लिखित उक्त 'बकाइनाको बोट' कथामा पनि यस्ता जातीयताका आधारमा थुप्रै विरोधहरू देखिएका छन् । यहाँ विशेष गरी बाहुन जातिले दलित जातिलाई पानी नचल्ने जात भनी हेला गरेको र सोही भेदभावका आधारमा उज्वल जस्तो पात्रले बारम्बार आफ्नो बुबाको पिटाइ खाई रहनुपर्ने जस्ता प्रसङ्गहरूले यस कथामा जातीयताका आधारमा द्विचरविरोध देखिएको छ भन्ने कुराको बोध हुन जान्छ । धने अर्थात् डीबी दाइलाई सानो जातको भनेर उज्वलका परिवार अर्थात् ब्राह्मण परिवारले हेपेको, आफ्नो घरभित्र प्रवेश गर्न नदिएको, उज्वललाई डीबी दाइसँग खान त के खेल्न पनि नदिइएका जस्ता घटनाहरूले यस कथामा पनि जातीयताका आधारमा द्विचरविरोध देखिएको छ भन्न सकिन्छ । उक्त भेदभाव गरेकै निहुँमा उज्वललाई घरबाट बहिष्कार नै गरिएको छ जसलाई तलका साक्ष्यहरूद्वारा प्रष्ट पार्न सकिन्छ :

साक्ष्य १

> "कलेज पढोस् कि जेसुकै अरोस्, दमै न हो । तेल्ले कलेज पढेर आफ्नो जात फेर्न सौ'छ र ?" बा गर्जिनुहुन्थ्यो । मलाई ननिको लाग्थ्यो तर बासँग कसको जोर चल्थ्यो र ! अरू बेला उनको घर नगए पनि दाइ गाउँ आएका बेला म लुकीचोरी उनको घर पुग्थें। तर, कसरी-कसरी बाको कानसम्म कुरो पुगिहाल्थ्यो । त्यसपछि भेट्थें मैले रामधुलाई ।

माथिको कथांशका आधारमा यस कथामा समाजमा जातीय भेदभावले जरो गाडेर बसेको कुरा प्रस्ट भएको छ । तल्लो जात भनिने दमाइ परिवारमा जन्मिएको धने दाइ अर्थात् यस कथामा पछि डिबी दाइका रूपमा उपस्थित पात्रलाई तल्लो जात भनेर हेला गरिएको छ । ऊ पढीलेखी एउटा असल मानिस भएको छ तर जतिसुकै पढे पनि उज्वलका बुबाजस्ता नीच सोच भएका बाहुनहरूले भेदभाव गर्न छोडेका छैनन् । मनमा पाप भएका बाहुन भनिने उज्वलका बुबाले सबैको भलो चिताउने शिक्षित दमाई परिवारमा जन्मिएको धनेलाई जातीयताका आधारमा धेरै नै भेदभाव गरेका छन्,जसको असर उज्वललाई परेको छ । ऊ धनेदाइका घरमा गएको निहुँमा दिनहुँ रामधुलाई खान्थ्यो । जतिसुकै सम्झाउँदा पनि नमान्ने निर्दयी बाहुनका (उज्वलका बुबा) कारण समाजमा जातभातका आधारमा भेदभाव देखिएको छ भन्ने कुरा माथिको कथांशले देखाएको छ ।

साक्ष्य २

> दाइ धिमा स्वरमा भन्दै थिए, "तिम्ले बाहुनी आमाको बारेमा पक्कै सोध्छौ भन्ने था'थ्यो, त्यैभ'र नि गाथें म त्याँ । मदनले मलाई बाहिरै रोकेर तीनहात परबाट बोलिटोपलेझैं गऱ्यो । बाहुनी आमालाई पनि बोल्न नदिन खोजेझैं गऱ्या थ्यो तर वाँले देख्यानदेख्यै गरेर त्यतिसम्मन् भन्न भ्याउनुभयो । म बाटो लागिसकेपछि भने बाहुनीआमा स्याँस्याँ हुने गरी दगुर्दै आउनुभयो र मेरा दुबै हात समाउनुभयो । टाउकोमा हात राखेर एकै वचन नबोली फर्केर जानुभयो ।"

उज्वलसँगको साथीत्वको भावनाले आफ्नो साथीको खुशीको लागि डीबी दाइ नेपाल गएर आफूलाई जातीयताका आाधारमा भेदभाव गर्ने बाहुन परिवारमा गएर साथीको आमालाई भेटेर आउँदा त्यतिबेला पनि त्यो बाहुन परिवारमा जातीयताका विरुद्धको भेदभावले जरो गाडेको थियो अर्थात् उक्त भेदभावको भूतले तिनीहरूलाई छोडेको थिएन ।

ऊ त्यहाँ जाँदा बाहुन त आफू परलोक भैसकेका थिए तर बाहुनको गुण उनका छोराहरू मदन, विकासमा सरेर उनीहरूले भने उसप्रति देखाउने व्यवहार पुरानै थियो । उज्वल र डीबी दाइ अनि उसकी आमाको विचार अलि फरक थियो । त्यसैले त उनीहरूले घरपरिवारबाट विभिन्न चोटहरू खपेर तिरस्कृत हुनु परेको हो । असल र राम्रो सोच भएका मानिसहरूलाई हाम्रो समाजले धेरै दिन टिक्न दिँदैन भन्ने कुराको राम्रो उदाहरणका रूपमा उनीहरु यस कथामा देखिएका छन् । यस्ता विभिन्न सन्दर्भहरूले यस कथामा जातीयताका विरुद्ध अझै पनि थुप्रै द्विचरविरोधहरू देखिएका छन् जसले गर्दा समाजमा धेरै मानिसहरूले अपहेलित भएर बस्नु परेको अवस्था छ भन्ने कुरालाई प्रष्ट पारेको छ ।

साक्ष्य ३

> “मानी आ’को चलनचल्ती यै त हो, बाले मत्तै हो र ? अन्त कस्का घराँ छिर्न दिन्छन् तिन्लाई, भन्त ?” आमाले एक्कैछिन मेरो अनुहार हेरेर मायालाग्दो स्वरमा भन्नुभयो,“पैले पो बालख थिस् लौ, बुझिनस् । अब त एक-बीसको हुनै लाइस् । अब बुझिनस् भने कैले बुझ्लास् ? मेरो नि शरीरको रअत सुक्यो, बूढी भएँ अब । कैलेसम्मन् बाको लौरोबट तँलाई जोगाउँला भन्त ?” आमाले मेरोसामु हात जोड्नुभयो,“बाको कुरो नसुने नि मेरो सुन् बाबु ! संअत अर्न छोड्दे तिनर्को…।”

माथिको कथांशका आधारमा हेर्दा समाजमा रहेको जातीयताप्रतिको विरोधका कारणले आमाले उज्वललाई धने दाइको घरमा नजान आग्रह गरेकी छन् । यो जातीयताका आधारमा देखिएको विरोध हो । घरमा बुबाले विरोध गर्दा अन्य कुरामा नसहने आमाले बुबाको खुसीका लागि उज्वललाई पनि त्यस दमाइको घरमा गएकोमा आपत्ति जनाएकी छिन् । यो उनको बाध्यात्मक आपत्ति थियो किनभने आमाले उज्वललाई धेरै नै माया गर्थिन् र उसको भलो चाहने आमाले त्यस घरमा रहँदा बुबाको हातबाट पिटाइ खानबाट जोगाउनका लागि यसो गरेकी हुन् । यदि उज्वलले सधैँ यस्तै गरिरहेमा दिनहुँ निर्दयी बुबाको हातबाट सजाय भोग्नुपर्ने हुन्छ भन्ने सोचले आमाले आफ्नो प्राणभन्दा प्यारो छोरालाई पैसा र गरगहनाको चाँजोपाँजो गरी एउटी केटीलाई सहारा बनाउँदै घरबाट निकाल्न बाध्य भइन् । यो पनि जातीयताका आधारमा गरेको विरोधका कारणले देखिएको समस्या हो ।

उत्तरआधुनिकतावादी मान्यताभित्र रहेको एक महत्त्वपूर्ण विशेषतामध्येको द्विचरविरोधप्रतिको अस्वीकार पनि एक हो । एक जातले अर्को जातलाई सानो वा ठूलोका आधारमा भेदभाव गर्नु, काला-गोराका आधारमा भेदभाव गर्नु, धनी-गरिब, बालक-बृद्ध, गाउँ-शहर आदि कुराहरूका आधारमा देखिएको भेदभावलाई द्विचरविरोध भनिन्छ भने यसै विरोधका सिलसिलामा देखिएको त्यसप्रतिको असमर्थनलाई नै द्विचरविरोधको अस्वीकार भनिएको हो । सामान्यतया ठूलो जातले अर्थात् माथिल्ला जात भनिने बाहुन, क्षेत्री आदिले सानो जात अर्थात् दमाई, कामी आदिलाई जातिगत आधारमा हेप्नुलाई जातीयताका आधारमा देखिएको द्विचरविरोध भनिन्छ भने यस्तो भेदभावप्रति असन्तुष्टि प्रकट गर्नुलाई जातीयताका आधारमा देखिएको द्विचरविरोधप्रतिको अस्वीकार भनिन्छ । उक्त ‘बकाइनाको बोट’ कथामा पनि यस्ता थुप्रै विरोधहरू छन्, जसप्रति उक्त कथाका केही पात्रहरूले असहमति जनाएका छन् । द्विचरविरोधका स्वरहरू प्रशस्तै भएको उक्त कथामा त्यसप्रतिको अस्वीकारका कुराहरू पनि प्रशस्तै मात्रामा देखिएका छन् जसलाई तलका साक्ष्यहरूका आधारमा प्रष्ट पारिएको छ

साक्ष्य ४

> “आमा ! धने दाइ पनि त मान्छे नै हुन् । उन्लाई काटे नि हाम्रो जस्तै रअत नै आउँछ । उनर्को परिवारका सबैले मयाँ अर्छन् मलाई । बालाई मत्तै किन नराम्रो लाउनी हो ?”

माथिको कथांशका आधारमा यस कथामा द्विचरविरोधप्रति अस्वीकार गरिएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ। धने दाइ अर्थात् डिबि दाइलाई दमाईको छोरो भनेर त्यो गाउँका सबै मानिसहरूले भेदभाव गरिरहेको अवस्थामा उज्वल भने धने दाइसँगै जान, खान र बस्न मन पराउँछ। उसले सानैदेखि धने दाइसँग गरेको सङ्गतले घरमा धेरै गाली खानुका साथै बुबाका हातबाट कुटाइ समेत खायो तर धने दाइ पनि हामी जस्तै त हुन् भन्ने कुरालाई प्रमाणित गर्न भने अलि समय लाग्यो। परम्परागत समाजमा देखिएको यस्तो जातीयताका आधारमा देखिएको भेदभावका विरुद्धमा उनले अस्वीकार गऱ्यो किनभने बाहुनको घरमा हुर्केबढेको उसले धने दाइको रगत पनि रातो र माथिल्लो जातका मानिसहरूको रगत पनि रातो छ, त्यसैले दमाइको छोरालाई जातीयताका आधारमा भेदभाव गर्नु गलत हो भन्ने कुरा बताएको छ। कथाको सुरुवातमा उनीहरूले अमेरिकामा बसेर डिबी दाइका घरमा जाने, खाने गरेको कुराले पनि यस्तो भेदभावप्रति अस्वीकार गरिएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ।

साक्ष्य ५

> त्यो रात हामीले उनको परिवारमा मिसिएर परिवारकै सदस्यभैं रात बितायौं। भोलिपल्ट बिहानै उनले हामीलाई त्यहीँ नजिकको भगवती मन्दिरमा पुऱ्याए। एउटा पण्डित समातेर टीकाटालो, फूलमाला गरेर लगाएकै लुगामा बिहे गराइदिए र भने, हेर उज्वल ! तिम्रा बा, भाइ र मिसका बा तिमर्लाई खोज्न आए भने मैंकाँ आउँछन्। त्यसैले म तिमर्लाई मेरो डेराँ राख्न सक्दिनँ।

माथिको कथांशको अध्ययन गर्दा यस कथामा जसलाई जातीयताका आधारमा बाहुनका परिवारले नीच ठानेका थिए, त्यही दमाईको छोराले आज आएर उज्वलको अभिभावकत्वको जिम्मेवारी वहन गरेको छ। आफूभन्दा ठूलाले र घरमा बुबाको मात्रै नेतृत्वमा चलेको परिवारमा यो ठूलो चुनौती हो। समाजले दलित भनेर भेदभाव गरेको धने दाइको नेतृत्वमा उज्वलको नयाँ जीवनको सुरुवात हुनुले पनि यस कथामा जातीयताका आधारमा कोही पनि सानो ठूलो नभई उसको कामले नै मानिसलाई सानो र ठूलो जातको भनेर छुट्याउने रहेछ भन्ने कुरा यस कथाबाट प्रस्ट भएको छ। उज्वलले आफूजस्तै अरूलाई पनि जातीयताको भेदभावका विरुद्धमा लाग्ने सन्देश दिएको छ। यो नै जातीयताका आधारमा देखिएको द्विचरविरोधप्रतिको अस्वीकार हो।

समग्रमा भन्नुपर्दा यस कथामा जातीयताका आधारमा प्रशस्तै द्विचरविरोधहरू देखिएका छन्। यस कथाको मुख्य पात्र उज्वल बाहुन परिवारमा हुर्किएको हो भने धने दाइ भन्ने पात्र दमाईको परिवारमा हुर्किएको पात्र हो। उज्वलका परिवारले विशेष गरी उसका बुबाले धनेको परिवारलाई दमाई भनेर साह्रै नै नराम्रो व्यवहार गरेका छन्, जसले गर्दा उज्वललाई पनि धने दाइकहाँ जान बन्देज गरिरहेको अवस्था यहाँ देखाइएको छ। यस्तो जातीयताका आधारमा गरिएको विरोधको बारेमा उज्वलले आपत्ति प्रकट गर्दछ र सबैलाई यस्तो प्रकारको भेदभाव नगर्न आग्रह गरेको छ। सबै मानिसको रगत रातो हुने हुनाले धने दाइ पनि अरु मानिसहरूजस्तै समान हुन्, त्यसैले उनलाई जातीयताका आधारमा भेदभाव गर्न हुँदैन भन्दै त्यस्ता द्विचरविरोधहरूको अस्वीकार गरिएको छ।

### ६.२. जिम्मेवारीका आधारमा देखिएको द्विचरविरोध तथा अस्वीकार

परम्परागत रूपमा चल्दै आएको ठूला मानिसले नै घरको जिम्मेवारी वहन गर्नुपर्ने अर्थात् घरको मुलीका रूपमा लाग्ने मानिस रहने र उसकै नेतृत्वमा घरपरिवारले चल्नुपर्ने बाध्यतालाई जिम्मेवारीका आधारमा देखिएका द्विचरविरोध

भनिन्छ । हाम्रो समाजमा प्रायः घरको मुलीका रूपमा बुबा नै रहने परिपाटी छ । यदि बुबा नभएको खण्डमा घरको सबभन्दा ठूलो छोराले उक्त जिम्मेवारी वहन गर्नुपर्ने परिपाटीले जरो गाडेको नेपाली समाजमा ठूलो समस्या ल्याएको छ । महिलालाई घरमुली नमान्ने, घरका अन्य साना व्यक्तिहरूका सही विचारहरू पनि सुनुवाइ नहुने जस्ता भेदभावहरू यसमा पर्दछन् । परम्परागत रूपमा चल्दै आएको यस्तो विरोधप्रति उत्तरआधुनिकतावादले आपत्ति जनाउँदै यसको अन्त्यको लागि पहल गर्दै अगाडि बढेको पाइन्छ । यस्ता द्विचरविरोधहरूमा बुबाले भनेको हरेक कुरा छोराले मान्नु, श्रीमान्को हतियारका रूपमा श्रीमती रहनु जस्ता क्रियाकलापहरू पर्दछन् । यस्ता केही कार्यहरू इच्छा विपरीत गर्नुपर्ने हुनाले यिनलाई द्विचरविरोध भनिएको हो । सानु शर्माको 'बकाइनाको बोट' कथामा पनि यस्ता थुप्रै जिम्मेवारीका आधारमा देखिएका द्विचरविरोधहरू छन्, जसलाई तलका साक्ष्यहरूद्वारा प्रस्ट पार्ने प्रयास गरिएको छ ।

साक्ष्य १

> बाले हातको लौरो त्यहीँ छेउमा मिल्काएर हामी आमाछोरालाई आग्नेय नेत्रले हेर्दै गर्जिनुभयो, "कसरी सम्झाउनी हो सम्झा यल्लाई ! अब आइन्दा तो दमैको घराँ पसेर क्यै खा देखौँ भनी घोत्रा'र निकाल्दिन्छु घरा'ट । बज्जे ! तिनकै सगोत्री र'छ र हो कि, तिनसैँ उठबस अर्छ जत्खेर नि !"

आफूभन्दा ठूलाको आदेश मान्नु हाम्रो संस्कृति र सभ्यता हो तर गलत विचारहरूमा बाध्यात्मक रूपमा सहमति जनाउनु भने हाम्रो संस्कृति र सभ्यताभन्दा बाहिरको कुरा हो भन्ने विचारलाई आत्मसात् गर्दै अघि बढेको उत्तरआधुनिकतावादले सबैलाई समान नजरले हेर्ने र अवस्थाअनुसार सबैको जिम्मेवारी समान हुने कुरालाई स्वीकार गर्दछ । माथिको कथांशका आधारमा यहाँ बुबाले भनेको कुरा कसैलाई चित्त बुझे पनि नबुझे पनि सबैले मान्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको देखिन्छ । विशेष गरी उज्वल र उनकी आमा अर्थात् बाहुनकी श्रीमतीले बाहुनको गलत विचारहरूलाई पनि बाध्यात्मक रूपमा स्वीकार गर्नुपर्ने अवस्था यहाँ देखिएको छ । यसको कारण उनीहरू बुबाको आज्ञाअनुसार नचलेको खण्डमा बाहुनलाई असह्य भई त्यसको परिणाम पनि गलत निस्किने डरले सबैले उनका गलत विचारहरूलाई पनि सहजै स्वीकार गरेका छन् । यहाँ नत श्रीमतीलाई निर्णय गर्ने अधिकार छ न त छोरालाई नै । वास्तवमा यो जिम्मेवारीका आधारमा देखिएको विरोध हो ।

साक्ष्य २

> "भो के, अब नकुट्नोस न् ! बालखै त हो ! हुन्दिनोस् । अब अर्दैन !" आमा बाको हातबाट लौरो खोस्न भरमग्दुर प्रयत्न गरिरहनुभएको थियो । तर अग्ला, दोहोरो शरीरका हृस्टपुस्ट बासँग दुब्ली, पातली आमाको के लाग्नु?

माथिको कथांशका आाधारमा पनि यस कथामा देखिएको जिम्मेवारीका आधारमा गरिएको विरोध प्रस्ट रूपमा झल्किएको छ भन्न सकिन्छ । यस कथामा उज्वलले धने दाइ जस्तो दलित जातको केटासँग सङ्गत गरेको आरोपमा बुबाले उसलाई बेस्सरी कुटेका छन् । यो उसको इच्छा विपरीत थियो अर्थात् उसले कुनै गलत काम नगरे पनि सजाय भोगिरहेको छ । जातीय छुवाछुतको भुमरीमा हिँडिरहेको हाम्रो समाजमा यस कथाका पात्र बाहुन जसले आफूलाई मात्रै ठूलो ठान्ने र आफ्नो विचार मात्रै सही हुन्छ भन्ने जस्ता गलत सोच भएका ठूला भनाउँदाहरूले सबै जना समान हुन् भन्ने सोच भएका उज्वल जस्ता व्यक्तिहरूका खुट्टा काट्ने प्रयास गर्नाले गलत कुराले जरो गाडेर बसेको हुन्छ भन्ने कुराको उदाहरणका रूपमा यस कथांशलाई लिन सकिन्छ । यसको प्रभाव नयाँ पिँढीलाई

पर्न जान्छ भन्ने कुरा बाहुन जस्ता पात्रले नबुझी आफ्नो शासन चलाउन खोज्ने गरेकोले यहाँ द्विचरविरोध देखिएको छ भन्न सकिन्छ ।

सामान्यतया हाम्रो नेपाली समाजमा घरको मुली व्यक्तिका रूपमा बुबा छन् भने बुबा र बुबा छैनन् भने आमा रहन्छन् र उनीहरूकै नेतृत्वमा परिवार चलिरहेको हुन्छ तर उत्तरआधुनिकतावादी मान्यताले यो कुराको विरोध गर्दछ अर्थात् घरको जोसुकै भए पनि यदि सही छ भने उसले घरको नेतृत्व वहन गर्न पाउँछ भन्ने नवीन विचारका साथ अघि बढेको उत्तरआधुनिकतावादले सबैलाई समान नजरले हेर्ने गर्दछ । उक्त 'बकाइनाको बोट' कथामा पनि यस्ता थुप्रै द्विचरविरोधहरू खडा भएका छन् जसले घरको नेतृत्वमा बुबा मात्रै बस्नुपर्छ भन्ने कुराको समर्थन गरिरहेका छन् । त्यस्ता समर्थनहरूप्रति अस्वीकार गरिएका थुप्रै प्रसङ्गहरूले यस कथामा उक्त विरोधप्रति असहमति जनाएको कुरा थाहा पाउन सकिन्छ जसलाई तलका साक्ष्यका आधारमा प्रष्ट पार्न सकिन्छ ।

साक्ष्य ३

> त्यसपछि वाँले पटुकामा घुसारेको यो कानको बाली, यी यो तिलरी र दुई हजार रूपपे मेरो हातमा दिएर 'जे अरेर भ' नि तेल्लाई उतै अड्याउनू, यता ढिम्कन नदिनू, तेसको राम्रो हेरचार अर्नू, पेटाँ देउता भा' मुन्छे हो मेरो छोरो, तिम्लाई सुख्खले पाल्छ, पिर्दैन' भनेर रुँदै जानुभयो ।" गायत्रीले मेरो हात समातेर भनिन्, ँमलाई माफ अ'र उज्वल ! आमाले मलाई तिम्रो किरिया ख्वाउनाँथ्यो, त्यसैले मैले तिमीलाई केही भनिनँ ।

माथिको कथांशका आधारमा नेपाली समाजमा परम्परागत रूपमा चल्दै आएको घरको मुलीका रूपमा बुबाले नै रहनुपर्ने र उहाँकै नेतृत्त्वमा सबैले बाध्यात्मक रूपमा अघि बढ्नुपर्ने परिपाटीको अस्वीकार गर्दै यस कथामा आमाका माध्यमबाट पनि केही निर्णयहरू भएका छन्, जुन त्यतिबेलाको समाजमा नियम विपरीत मानिएको थियो । नियमको कुनै वास्ता नगरी आफ्नो प्राणभन्दा पनि प्यारो छोराको जीवन रक्षाका लागि एक आमाले ठूलो निर्णय लिएकी छन् । घरका जहानलाई थाहा नदिएर गायत्रीलाई आफ्नो छोराको रक्षाका लागि गरगहना र सरसामान दिएर त्यो गाउँबाट बाहिर पठाउने आमाले उज्वलको जीवनको नेतृत्व वहन गरेकी छन् । यस्तो निर्णयले कसैलाई क्षति हुनुको साटो कसैको जीवनमा खुशी छाएकाले यो उपयुक्त निर्णय थियो । उक्त प्रसङ्गले यस कथामा बुबाले मात्रै बोकिरहेको जिम्मेवारी आमाले पनि बोक्न खोजेर द्विचरविरोधप्रति अस्वीकार गरिएको कुरालाई सहजै स्वीकार गर्न सकिन्छ ।

साक्ष्य ४

> मैले फरक्क फर्केर आमाको घाँटीमा झुन्डिँदै भनेथें, "म ठूलो भएसि त तपैंले रूनै पर्दैन नि ! ऐले नि बाले पिट्ता तपैं मेरै आड लाग्नुस् न म आँसु पुछि दिन्छु । बकाइनोले काँ'ट आँसु पुच्छ र ?"

माथिको कथांशको अध्ययन गर्दा यसमा पनि जिम्मेवारीका आधामा देखिएको जुन द्विचरविरोध थियो सो कुराको अस्वीकार गरेर आफ्नो कोखबाट नजन्माएको छोरोले पछि बुढेसकालमा म पाल्छु भन्ने आश्वासन दिएको कुरालाई प्रस्ट पारेको छ। नौँ महिना पेटमा बोकेर प्रसवपीडा सहेर जन्माएका छोराहरूका अगाडि उज्वल, जसलाई बकाइनाको बोटको फेदमा फेला पारिएको थियो, त्यसले म आमाको आँसु पुछ्दै बुढेसकालको सहारा बन्छु भनेर परम्परादेखि चल्दै आएको आफ्नो छोराहरूले मात्रै पाल्नुपर्ने मान्यताको विरोध गरेको छ ।

समग्रमा भन्नुपर्दा उक्त 'बकाइनाको बोट' कथामा जिम्मेवारीका आधारमा देखिएका द्विचरविरोधहरूको व्याख्या

विश्लेषण गर्नुका साथै त्यसप्रतिको अस्वीकारलाई पनि देखाइएको छ । कथामा एकथरि पात्रहरू द्विचरविरोधको चपेटामा परेका छन् भने अर्काथरी पात्रहरूले उक्त विरोधप्रति हैकम चलाइरहेका देखिन्छन् । यस कथामा पनि बाहुन अर्थात् उज्वलका बुबा जस्ता पात्रहरूले समाजमा भेदभावको नियम बनाएर त्यसैलाई अनुसरण गर्नुपर्ने बाध्यात्मक स्थिति पैदा गरेका छन् भने उज्वल तथा उनकी आमाले सुरुमा ती नियमहरूको बाध्यात्मक पालना गरे पनि पछि त्यस्ता विरोधहरूको अस्वीकारका लागि आवाज उठाएका प्रसङ्गले यस कथामा द्विचरविरोध देखिनुका साथै त्यसप्रतिको अस्वीकार पनि गरिएको छ ।

### ६.३. रगत र भावनाको नाताका आधारमा देखिएको द्विचरविरोध तथा अस्वीकार

आमा र बुबाको शुक्रकिट र डिम्बको मिलन पश्चात् जन्मिएको बच्चालाई रगतको नाताको छोराछोरी भनेर चिनिन्छ भने आमा र बुबाको गर्भधारणबिना जन्मिएको अर्थात् अर्कैले जन्म दिएर लालनपालन एउटाले गरेको नातालाई भावनाको नाताको छोराछोरीका रूपमा लिइन्छ। अर्को शब्दमा भन्दा जन्म दिने आमा रगतको नाता हो भने कर्म दिने आमा भावनाको नाता हो । प्रस्तुत बकाइनाको बोट कथामा पनि यस कथाको मुख्य पात्र उज्वलको यस कथाकी अर्की आदर्श नारी पात्र आमासँग रगतको नाता नभएर भावनाको नाता जोडिएको छ । उज्वललाई उसकी कर्म दिने आमाले सालनालसहित आफ्नो घरको पछाडिको बकाइनाको बोटको फेदमा फेला पारेकी थिइन् । जुन दिन उनले उज्वललाई बकाइनाको बोटको फेदमा भेटिन् त्यो दिनदेखि नै उनले आफ्नै कोख चिरेर जन्माएको छोरासरह उज्वलसँग भावनाको नाता गाँसिन् । आमाले जतिसुकै नजिकको नाता गाँस्न खोजे पनि उज्वलका कर्म दिने बुबाले यो कुराको विरोध गरेका छन् जसलाई तलको साक्ष्यहरूका माध्यमबाट प्रस्ट पार्न सकिन्छ ः

साक्ष्य १

> “नत्र यैमात्तै किन यस्तो हुन्थो ? तिनर्कै चुलाँ नाभी गाड्याजस्तै बज्जेको, जत्खेर नि तीँ बास !” त्यसपछि बा अलि सानो स्वरमा गन्गनाउनु भयो, भन्या हो मैले, यल्लाई नराखौं । कस्ताको रअत हो, के हो भनेर । आइमाई जातको बात सुन्या भ’र हो क्या, यो झमेलो आइला’या !” बाले फतफताउँदै आँगनको डिल काटेपछि आमाले मेरो पिठ्यूँमा पड्याङ पिटेर भन्नुभो, हैन कत्तिको बात सुन्नी बनाम्छस् भन्या तैंले मलाई?”

माथिको साक्ष्यका आधारमा भन्नुपर्दा यस कथामा रगतको नाता र भावनाको नाताका बिचमा द्विचरविरोध देखिएको छ। यस कथाको मुख्य पात्र उज्वल आफ्नी बाहुनी आमाको वास्तविक छोरो नभएर अन्तैबाट ल्याएको छोरो हुन्छ, जसलाई बाहुनी आमाले सालनाल सहितको भेटाएकी थिइन् । त्यसपछि उनले आफ्नो घरमा ल्याएर स्याहारसुसार गरी आफ्नो छोरा सरह पालनपोषण गरिन् । आज उनले उज्वललाई आफ्नो कोखमा नौँ महिना राखेर जन्माएको छोराको दर्जा दिएकी छन् तर बाहुनले भने यो कुरालाई सहजै स्वीकार गर्न सकेका छैनन् । अर्काको रगत हो भनेर सधैं सानासाना कुरामा निहुँ खोजेर झगडा गर्न खोज्नाले उनले आफ्ना छोराहरू र उसलाई अलग अलग रूपमा हेरेका छन् भन्ने कुरा माथिको अंशबाट थाहा पाउन सकिन्छ । उनले आफ्नी श्रीमती अर्थात् बाहुनी आमालाई अर्काको रगत घरमा ल्याएर राम्रो नगरेको भन्दै उज्वलका साथसाथै बाहुनी आमालाई समेत पिरोलेका छन् । डिबि दाइसँगको हिमचिमका कारण उसलाई पनि कतै दमाईकै रगत हो कि भन्ने आरोप समेत बाहुनले लगाएका छन् । यी विभिन्न भनाइहरूले गर्दा सानैदेखि सालनालसहित घरमा ल्याएको नवजात शिशुलाई ठूलो भइसकेपछि विभिन्न लाञ्छनाहरू

लगाउने बुबाको स्वभावले गर्दा यस कथामा नातागत रूपमा द्विचरविरोध देखिएको कुरा प्रस्ट हुन्छ ।

साक्ष्य २

> त्यसपछि विकास, त्यसपछि भरत, उनीहरू नजन्मिँदासम्म आमालाई 'बाँझी' भनेर बाको अर्को बिहे गर्न ठिक्क परेको परिवारले त मलाई कहिल्यै स्वीकारेन् । उनीहरूको देखासिकी गरेरै मदन, विकास र भरतले पनि स्वीकारेनन्। उनीहरू मेरा लागि भाइ थिए तर म उनीहरूको दाइ थिइनँ । कहिल्यै हुन सकिनँ । उनीहरू बाका प्रिय थिए, म आमाको । उनीहरू मेरो ईर्ष्या गर्थे, म उनीहरूको । सम्बन्ध सहज भएन भने मनले स्वीकार्न सक्दैन र मनले नस्वीकारेको सम्बन्ध जतिसुकै कोसिस गरे पनि कहिल्यै आफ्नो हुन सक्दैन । हामी पनि कहिल्यै एक-अर्काको हुन सकेनौं ।

माथिको कथांशको अध्ययन गर्दा यहाँ बुबा र छोरामा मात्रै द्विचरविरोध नभएर भाइभाइमा पनि त्यो भावना कायम रहेको देखिन्छ । विकास, भरत उज्वलभन्दा पछि जन्मिएका भए पनि उनीहरूले उज्वललाई कहिल्यै पनि दाइको रूपमा हेरेनन् किनभने सानैदेखि बाहुनले उज्वललाई अर्काको रगत भनेर सबैका अगाडि ऊ बाहुन र बाहुनीको कोखबाट जन्मेको होइन त्यसलाई त अन्तैबाट ल्याइएको हो भन्ने विश्वास दिलाइसकेका थिए । उज्वललाई पनि उक्त कुरा सुन्दा नरमाइलो लाग्थ्यो । आमाले माया गरे पनि दिनहुँको कलहले गर्दा बुबा र भाइहरूले उसलाई रगतको नाता होइन भन्ने छुट्याइसकेका थिए । यसरी उक्त 'बकाइनाको बोट' कथामा रगतको नाता र भावनाको नाताका बिचमा पनि निकै विरोध देखिएको छ । यिनै विभिन्न प्रसङ्गमा देखिएका द्विचरविरोधहरूप्रति पनि यस कथामा असहमति जनाइएको छ जसलाई तल विश्लेषण गरिएको छ ।

आफ्नै खानदानको वरिपरि रहेर अगाडि बढेको नातालाई रगतको नाता भनिन्छ भने आफ्नो खानदानभन्दा बाहिरको नातालाई भावनाको नाता भनिन्छ । उक्त 'बकाइनाको बोट' कथामा पनि रगतको नाता र भावनाको नाताका थुप्रै प्रसङ्गहरू आएका छन् । पाठकले ती विभिन्न प्रसङ्गहरूको अध्ययन गर्दा नरमाइलो महसुस गर्ने पक्का हुँदाहुँदै पनि कथाकारले यस्ता प्रसङ्गहरू कथामा ल्याएकी छन् । त्यसका साथसाथै ती नातागत रूपमा देखिएका विरोधहरू अथवा भेदभावहरूप्रति अस्वीकार पनि गरिएको छ जसलाई तलका साक्ष्यले प्रष्ट पारेको छः

साक्ष्य ३

> जाडो महिनाको एउटा रातमा पिसाब फेर्न बाहिर निस्किँदा आमाले मलाई घरपछाडिको बकाइनाको रूखमुनि सालनालसहित कठ्यांग्रिएर जम्नै लागेको फेला पार्नुभाथ्यो रे ! त्यसपछि उहाँ मेरो आमामात्र होइन, सिंगो संसार बनिदिनुभयो । पञ्चायत जोडिए । मलाई शहरको अनाथालयसम्म छोडेर आउने निधो भयो रे ! तर अहँ (आमाले मलाई काखबाट अलग गर्न मान्नुभएन रे ! सबैसँग दबेर, दकस मानेर बोल्ने मेरी दुब्ली, पातली आमाले खै कसरी जित्नुभयो सारा समाज र घरपरिवारसँग ! आफ्नो छातीको तातोले सेकेर मलाई यसरी हुर्काउनु भयो ।) मानौं म उहाँको कोख चिरेर जन्मेको थिएँ ।

माथिको साक्ष्यका आधारमा उज्वल आफ्नी लालनपालन गरी हुर्काउने आमाको वास्तविक छोरो नभएर उसलाई जन्म दिने आमा त अर्कै रहिछिन् भन्ने कुरा थाहा हुन्छ । जीवनमा रगतको नातालाई मात्रै ठूलो सम्भिने उसका बुबाले उज्वललाई आफ्नो रगत नभएकाले यो नियम विपरीत गइरहेको कुरालाई द्विचरविरोधका रूपमा देखाएका

छन् । उसकी वास्तविक आमाले यो धर्तीमा पाइला टेकाइदिए पनि उनको कुनै अत्तोपत्तो नभएकाले मानिसले जन्म दिने आमा नहुँदा पनि जीवन निर्वाह गर्न सक्दो रहेछ, जसका लागि असल कर्म दिने आमाको खाँचो पर्दछ भन्ने कुरा यस कथामा प्रस्तुत उज्वल, भरत र विकासकी आमा अर्थात् बाहुनी पात्रका माध्यमबाट देखाइएको छ । आदर्शवान् नारीका रूपमा रहेकी उज्वलकी आमालाई अर्काको रगत ल्याएर आफ्नो बनाउन खोज्नु मूर्खता हो भन्ने गलत सन्देश दिइरहेका उसका कर्म दिने बुबाले उज्वललाई आफ्नो छोराको रूपमा स्वीकार गर्न नचाहनुले यस कथामा रगतको नाता र भावनाको नाताका बिचमा विरोध देखिएको कुरा प्रस्ट हुन्छ तर सोही विरोधप्रति उज्वलकी आमाले असहमति जनाएकी छन् अर्थात उज्वललाई दिने मायामा कमी नगरी बरु उसलाई बचाउनका लागि गायत्रीको सहायताले त्यो गाउँबाट भगाउन सफल भएकी छन् । यो उनले गरेको अत्यधिक मायाका कारणले भएको हो । यदि उनले पनि आफ्ना पतिको झैँ व्यवहार गरेको भए आज उज्वल त्यो ठाउँमा हुने थिएन होला ।

साक्ष्य ४

> मैले फरक्क फर्केर आमाको घाँटीमा झुन्डिँदै भनेथें,"म ठूलो भएसि त तपैंले रूनै पर्दैन नि ! ऐले नि बाले पिट्ता तपैं मेरै आड लाग्नुस् न । म आँसु पुछ्दि दिन्छु । बकाइनोले काँ'ट आँसु पुच्छ र ?"

माथिको कथांशको अध्ययन गर्दा यसमा पनि रगतको नाता र भावनाको नाताका आधारमा देखिएको जुन द्विचरविरोध थियो सो कुराको अस्वीकार गरेर आफ्नो कोखबाट नजन्माएको छोरोले पछि बुढेसकालमा म पाल्छु भन्ने आश्वासन दिएको कुरालाई प्रस्ट पारेको छ । नौं महिना पेटमा बोकेर प्रसव पीडा सहेर जन्माएका छोराहरूका अगाडि उज्वल, जसलाई बकाइनाको बोटको फेदमा फेला पारिएको थियो, त्यसले म आमाको आँसु पुछ्दै बुढेसकालको सहारा बन्छु भनेर परम्परादेखि चल्दै आएको आफ्नो छोराहरूले मात्रै पाल्नुपर्ने मान्यताको विरोध गरेको छ । असल कर्मले दुनियालाई आफ्नो बनाउन सक्ने आमाको शक्तिको यहाँ पुष्टि भएको छ ।

आख्यानकार सानु शर्माको 'बकाइनाको बोट' कथा एक उत्तरआधुनिकतावादी मान्यतामा आधारित कथा भएकै कारणले गर्दा यस कथामा उत्तरआधुनिकतावादी विशेषताभित्र पर्ने द्विचरविरोधको र त्यसप्रतिको अस्वीकारका बारेमा बढीभन्दा बढी बताइएको छ । यस कथामा विभिन्न कुराहरूका आधारमा द्विचरविरोध देखिएको छ, जसलाई विभिन्न साक्ष्यहरूका आधारमा माथि विश्लेषण गरिएको छ । यस कथामा मुख्यतया जातिगत आधारमा, जिम्मेवारीका आधारमा र नातागत आधारमा द्विचरविरोधहरू देखिएका छन् । यी विभिन्न आधारमा देखिएका द्विचरविरोधहरूप्रति अस्वीकार पनि गरिएको यस कथामा सानु शर्माले सबै पाठकहरूलाई समाजमा देखिएको यस्ता द्विचरविरोधहरू नगर्न आग्रह गरेको कुरा ती विरोधप्रति गरिएको अस्वीकारले प्रस्ट पारेको छ । ती विभिन्न द्विचरविरोधहरूको अस्वीकार समेत गरिएको उक्त कथामा विभिन्न प्रसङ्गहरू ल्याएर कथालाई रोचक बनाइएको छ । उत्तरआधुनिकतावादी मान्यताको वरिपरि रहेर रचना गरिएको यो कथा साँच्चिकै रोचक र अर्थपूर्ण कथा हो भन्न सकिन्छ ।

## ७. निष्कर्ष

समकालीन साहित्यका फाँटमा आफ्नो पाइला अघि बढाउन सफल पाठकको दिमाग हल्लाउने महिला आख्यानकारका रूपमा परिचित सानु शर्मा वर्तमान समयकी एक लोकप्रिय आख्यानकारका रूपमा परिचित नाम हो । उनले *एकादेशमा* कथासङ्ग्रहमा २१ वटा कथाहरू सङ्कलन गरी पाठक सामु पस्किएकी छिन् । उक्त कथासङ्ग्रहमा

सङ्ग्रहित कथाहरूको अध्ययन पश्चात् सानु शर्मा कुन तहकी कथाकार हुन् भन्ने कुराको सहजै अनुमान गर्न सकिन्छ। उनका विभिन्न कथाहरूमध्येको 'बकाइनाको बोट' कथा पनि एक हो। यो नेपाललाइभ नामक अनलाइन पत्रिकामा २०७६ सालमा प्रकाशित उत्तरआधुनिकतावादी मान्यताले युक्त कथा हो। यस कथामा कथाकार शर्माले हाम्रो समाजमा देखिएका दुई चरहरूका बीचमा देखिएको विरोधका बारेमा वर्णन गरेकी छिन्। यसका साथै यस कथामा उज्वल र उसकी कर्म दिने आमाका माध्यमबाट जन्म दिने आमा नभए पनि कर्म दिने आमाले बनाएको जीवन पनि कति सुखसँग चल्ने रहेछ भन्ने कुराको पुष्टि भएको छ। जातीयता, जिम्मेवारी र नातागत रूपमा देखिएको द्विचरहरूको विरोधको उद्घोष गरिएको उक्त कथाका अन्तमा ती विभिन्न विरोधहरूप्रति असहमति जनाइएको छ अर्थात् ती विभिन्न कुराहरूका आधारमा समाजमा भेदभाव गर्न नपाइने कुरालाई यस कथाले जोड दिएको छ। 'बकाइनाको बोट' कथामा द्विचरविरोध शीर्षकमा तयार गरिएको उक्त लेखले यस कथामा विभिन्न क्षेत्रमा घटित द्विचरविरोधहरूको खोजी गरी तिनका विपरीत गरिएको अस्वीकारका बारेमा व्याख्या तथा विश्लेषण गरेको छ। उत्तरआधुनिकतावादी मान्यताभित्र पर्ने एउटा विशेषता द्विचरविरोधप्रतिको अस्वीकार हो। कुनै पनि दुईवटा युग्मकका आधारमा एउटालाई बढी महत्व र अर्कोलाई कम महत्व दिनुलाई द्विचरविरोध भनिन्छ। जस्तैः आकाश (पाताल, नर-नारी ठूलो-सानो आदि। यस्ता युग्मकहरूमा पहिलो चरले बढी आश्रय पाउँछ भने दोस्रोले कम आश्रय पाउँछ। यिनै मान्यताहरूको वरिपरि रहेर 'बकाइनाको बोट' कथामा पनि विभिन्न द्विचरविरोधहरू देखिएका छन्। यस कथामा देखिएका विभिन्न चरहरूको विरोधमा जातीयताका आधारमा, जिम्मेवारीका आधारमा र रगतको नाता र भावनाको नाताका आधारमा देखिएका द्विचरहरू बढी महत्त्वपूर्ण मानिनुका साथै ती विरोधहरूप्रति अस्वीकार पनि गरिएका विभिन्न प्रसङ्गहरू बढी महत्त्पूर्ण मानिएका छन्। यस कथामा निहित पात्रहरूमध्ये उज्वलका कारणले नै यी विभिन्न चरहरू देखिएका छन्, जसले गर्दा उज्वल नै बढी पीडित बनेको छ।

**सन्दर्भसूची**

गौतम, लक्ष्मणप्रसाद (२०७०), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* (दोस्रो संस्करण), काठमाडौँः ओरियन्टल पब्लिकेसन्स हाउस।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्तः अद्यतन चिन्तनका महान् पाश्चात्य प्रणेता,* काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन्स।

भट्टराई, गोविन्दराज (२०७१), *उत्तरआधुनिक विमर्श* (दोस्रो संस्करण), काठमाडौँः ओरियन्टल पब्लिकेसन्स हाउस।

गौतम, कृष्ण (२०७४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन्स।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७६) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार।

शर्मा, सानु (२०७६), *बकाइनाको बोट,* नेपाललाइभ अनलाइन पत्रिका।

https://www.fairobserver.com/vocabulary/binary-opposition/ 2078-10-02

http://faculty.goucher.edu/eng105sanders/binary_oppositions.htm2078-10-03